# 1. त्रिभुवन विश्वविद्यालय ऐन, २०४९मा संशोधन

[मूल ऐनः पछिल्लो संशोधन २०७७ सहित]

## त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना: त्रिभुवन विश्वविद्यालयमा हुने प्रत्यक्ष राजनीतिक हस्तक्षेप अन्त्य गर्न त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम “त्रिभुवन विश्वविद्यालय (पहिलो संशोधन) ऐन, २०८२” रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा ७ मा संशोधन: त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ (यसपछि “मूल ऐन” भनिएको) को दफा ७ को खण्ड (ख) हटाइएको छ ।

३. मूल ऐनको दफा ८ मा संशोधन: मूल ऐनको दफा ८ को,-

(१) उपदफा (२) को खण्ड (ख) हटाइएको छ ।

(२) उपदफा (२) को खण्ड (ग) मा रहेको "सदस्य" भन्ने शब्दको सट्टा "उपाध्यक्ष" भन्ने शब्द राखिएको छ ।

(३) उपदफा (२) पछि देहायको उपदफा (२क) थप गरिएको छः-

"(२क) उपदफा (२) को खण्ड (ङ), (ट), (ण) बमोजिम सदस्य नियुक्त गर्दा अध्यापन अनुभव, पुस्तक लेखन तथा प्रकाशन, शैक्षिक र अनुसन्धानका क्षेत्रमा प्रकाशित रिसर्च जर्नल लेखहरूको आर्टिकल लेभल इम्प्याक्ट र जर्नलको इम्प्याक्ट फ्याक्टर आदिलाई मूल्याङ्कनको आधार बनाएर सर्वोत्कृष्ट ठहरिने मध्येलाई नियुक्त गर्नुपर्नेछ ।"

४. मूल ऐनको दफा १५ मा संशोधन: मूल ऐनको दफा १५ को उपदफा (२) मा रहेको "सह-कुलपति" भन्ने शब्दको सट्टा "उपकुलपति" भन्ने शब्द राखिएको छ ।

५. मूल ऐनको दफा १६ मा संशोधन: मूल ऐनको दफा १६ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) शैक्षिक क्षेत्रमा निरन्तर २० वर्षसम्म शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरि ख्यातिप्राप्त गरेका र नियुक्तिको मितिमा ५ वर्षयता कुनै राजनीतिक दलको सदस्यता नलिएका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले खुला प्रतिस्पर्धामार्फत् कुलपतिको नियुक्ति गर्नेछ ।"

६. मूल ऐनको दफा १७ मा संशोधन: मूल ऐनको दफा १७ हटाइएको छ ।

७. मूल ऐनको दफा १८ मा संशोधन: मूल ऐनको दफा १८ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२)विश्वविद्यालयको उपकुलपति पदमा नियुक्तिको लागि सिफारिस पेश गर्न कुलपतिबाट सभाका तीनजना सदस्यहरू रहेको एक समिति गठन हुनेछ र सो समितिले सिफारिस गरेको

व्यक्ति प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिबाट स्वीकृत भएपछि नेपाल सरकारबाट उपकुलपतिको नियुक्ति हुनेछ।"

(२) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) कुलपतिको अनुपस्थितिमा विश्वविद्यालयको सभा र दीक्षान्त समारोहमा उपकुलपतिले अध्यक्षता गर्नेछ।"

८. <u>मूल ऐनको दफा २१ख मा संशोधन:</u> मूल ऐनको दफा २१ख मा रहेका "सह-कुलपतिको परामर्शमा" भन्ने शब्दहरू हटाइएको छ।

९. <u>मूल ऐनको दफा २१ग मा संशोधन:</u> मूल ऐनको दफा २१ग मा व्यवस्था भएको तीन सदस्यीय छानबिन समितिमा 'सभाकै सदस्य, मन्त्रालयको सचिव र विश्वविद्यालय अनुदान आयोगको सदस्य' को सट्टामा 'उच्च अदालतका अवकाशप्राप्त न्यायाधीशको अध्यक्षतामा निवर्तमान उपकुलपति र विश्वविद्यालयको कुलपतिको सिफारिसमा पूर्व प्राध्यापक एकजना' भन्ने व्यवस्था राखिएको छ।

१०. <u>मुल ऐनको दफा २१ग (६) मा संशोधनः</u> मूल ऐनको दफा २१ग (६) मा रहेको '६ महिनाभित्र' भन्ने शब्दहरुको सट्टामा 'तिन महिनाभित्र' भन्ने शब्दहरु राखिएको छ।

११. <u>मुल ऐनको दफा २८ मा संशोधनः</u> ....काम कारबाही अवैध नमानिने भन्ने प्रावधानमा 'त्यस्तो काम कारवाहीको सभाले पुनरावलोकन गर्न सक्नेछ' भन्ने शब्दावलीहरु थपिएको छ।

१२. <u>मुल ऐनको दफा ३० मा संशोधनः</u> अधिकार प्रत्यायोजनमा 'केही अधिकार' भन्ने शब्दावलीहरुको सट्टा 'केही कार्यकारिणी अधिकार' भन्ने शब्दावलीहरु राखिएको छ।

Tab 2

[मूल ऐनः पछिल्लो संशोधन २०७७ सहित]

## त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना: त्रिभुवन विश्वविद्यालयमा हुने प्रत्यक्ष दलीय राजनीतिक हस्तक्षेप अन्त्य गर्न त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "त्रिभुवन विश्वविद्यालय (पहिलो संशोधन) ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा ७ मा संशोधन: त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ (यसपछि "मूल ऐन" भनिएको) को दफा ७ को खण्ड (ख) हटाइएको छ ।

३. मूल ऐनको दफा ८ मा संशोधन: मूल ऐनको दफा ८ को,-

(१) उपदफा (२) को खण्ड (ख) हटाइएको छ ।

(२) उपदफा (२) को खण्ड (ग) मा रहेको "सदस्य" भन्ने शब्दको सट्टा "उपाध्यक्ष" भन्ने शब्द राखिएको छ ।

(३) उपदफा (२) पछि देहायको उपदफा (२क) थप गरिएको छ:-

"(२क) उपदफा (२) को खण्ड (ङ), (ट), (ण) बमोजिम सदस्य नियुक्त गर्दा अध्यापन अनुभव, पुस्तक लेखन तथा प्रकाशन, शैक्षिक र अनुसन्धानका क्षेत्रमा प्रकाशित रिसर्च जर्नल लेखहरूको आर्टिकल लेभल इम्प्याक्ट र जर्नलको इम्प्याक्ट फ्याक्टर आदिलाई मूल्याङ्कनको आधार बनाएर सर्वोत्कृष्ट ठहरिने मध्येलाई नियुक्त गर्नुपर्नेछ ।"

४. मूल ऐनको दफा १५ मा संशोधन: मूल ऐनको दफा १५ को उपदफा (२) मा रहेको "सह-कुलपति" भन्ने शब्दको सट्टा "उपकुलपति" भन्ने शब्द राखिएको छ ।

५. मूल ऐनको दफा १६ मा संशोधन: मूल ऐनको दफा १६ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ:-

"(१) शैक्षिक क्षेत्रमा निरन्तर २० वर्षसम्म शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरि ख्यातिप्राप्त गरेका र नियुक्तिको मितिमा ५ वर्षयता कुनै राजनीतिक दलको सदस्यता नलिएका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले खुला प्रतिस्पर्धामार्फत् कुलपतिको नियुक्ति गर्नेछ ।"

६. मूल ऐनको दफा १७ मा संशोधन: मूल ऐनको दफा १७ हटाइएको छ ।

७. मूल ऐनको दफा १८ मा संशोधन: मूल ऐनको दफा १८ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ:-

"(२)विश्वविद्यालयको उपकुलपति पदमा नियुक्तिको लागि सिफारिस पेश गर्न कुलपतिबाट सभाका तीनजना सदस्यहरू रहेको एक समिति गठन हुनेछ र सो समितिले सिफारिस गरेको

व्यक्ति प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिबाट स्वीकृत भएपछि नेपाल सरकारबाट उपकुलपतिको नियुक्ति हुनेछ।"

(२) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) कुलपतिको अनुपस्थितिमा विश्वविद्यालयको सभा र दीक्षान्त समारोहमा उपकुलपतिले अध्यक्षता गर्नेछ।"

८. मूल ऐनको दफा २१ख मा संशोधन: मूल ऐनको दफा २१ख मा रहेका "सह-कुलपतिको परामर्शमा" भन्ने शब्दहरू हटाइएको छ।

९. मूल ऐनको दफा २१ग मा संशोधन: मूल ऐनको दफा २१ग मा व्यवस्था भएको तीन सदस्यीय छानबिन समितिमा 'सभाकै सदस्य, मन्त्रालयको सचिव र विश्वविद्यालय अनुदान आयोगको सदस्य' को सट्टामा 'उच्च अदालतका अवकाशप्राप्त न्यायाधीशको अध्यक्षतामा निवर्तमान उपकुलपति र विश्वविद्यालयको कुलपतिको सिफारिसमा पूर्व प्राध्यापक एकजना' भन्ने व्यवस्था राखिएको छ।

१०. मुल ऐनको दफा २१ग (६) मा संशोधनः मूल ऐनको दफा २१ग (६) मा रहेको '६ महिनाभित्र' भन्ने शब्दहरुको सट्टामा 'तिन महिनाभित्र' भन्ने शब्दहरु राखिएको छ।

११. मुल ऐनको दफा २८ मा संशोधनः ....काम कारबाही अवैध नमानिने भन्ने प्रावधानमा 'त्यस्तो काम कारवाहीको सभाले पुनरावलोकन गर्न सक्नेछ' भन्ने शब्दावलीहरु थपिएको छ।

१२. मुल ऐनको दफा ३० मा संशोधनः अधिकार प्रत्यायोजनमा 'केही अधिकार' भन्ने शब्दावलीहरुको सट्टा 'केही कार्यकारिणी अधिकार' भन्ने शब्दावलीहरु राखिएको छ।